# धनपालथान गाँउपालिकाको आर्थिक बर्ष २०७४।०७५ को निति तथा कार्यक्रम

# आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम

कार्यपालिकाबाट स्वीकृत मिति: २०७४।०५।

## धनपालथान गाउँपालिका

सोराभाग, मोरंग

प्रदेश नं. १

२०७४

# धनपालथान गाउँपालिकाको आर्थिक बर्ष २०७४ ७५ को नीति तथा कार्यक्रम

आदरणीय गाउँपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु तथा अथितिगणहरु

नेपालको संविधान जारी भई स्थानीय तहको गठन भएसकेपछि पहिलोपटक भएको स्थानीय तह निर्वाचनमा धनपालथान स्थानीयवासि जनताले हामिलाई बिश्वास गरी भारी मतले बिजयी गराउनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धनपालथान गाउँपालिकाको संक्षिप्त परिचय,

नेपाल एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ । संघीय व्यवस्था अनुसार नेपालमा संघ, सात प्रदेश र ७५३ स्थानीय तहको गठन भएको छ, जस्मा मोरङ्ग जिल्लामा १७ स्थानीय तहको गठन भएको छ । मोरङ्ग जिल्लाको साबिकका नोचा, अमाहि वरियाती, सोराभाग, दादबौरिया र कदमाह गा.बि.स. लाई सात वडामा बिभाजन गरी धनपालथान गाउँपालिकाको गठन भएको छ । यस गाउँपालिकाको पूर्व र उत्तरमा रंगेली नगरपालिका, पश्चिममा कटहरी गाउँपालिका र दक्षिणमा मित्रवत देश भारत रहेको छ ।

आदरणीय गाउँपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु तथा अथितिगणहरु

अब म गाउँपालिकाको नीति तथा कार्यक्रम तर्फ सबैको ध्यान आकर्षण गर्न चाहन्छु ।

१. नागरिकहरुलाई सहज, सरल, सुबिधाजनक र पारदर्शि ढङबाट सेवा प्रवाह गर्दै सो कुराको प्रत्याभुति गरेर जनमुखि लोकतन्त्रलाई सुदृढ गर्दै भ्रष्टाचारमुक्त राजनीति र प्रशासन बनाउन जनताप्रति जिम्मेवार जवाफदेही बनाउदै भ्रष्टाचारबिरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

२. सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ साथै मानव साधन, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण र अभिलेखीकरण व्यवस्था मिलाइनेछ

३. गाउँपालिकाको कार्यालय संचालन गर्न भौतिक संरचनाको अभाव, आवश्यक कर्मचारीको अभाव, बिभिन्न बिषयगत कार्यालहरुबाट हस्तान्तरणहुने कार्यक्रमहरु प्राप्त नभएकोले सम्बन्धित निकायहरु समन्वय गरी समस्या समाधान गर्दै कार्यालय व्यवस्थित रुपले संचलन गरिनेछ ।

४. वडा कार्यालय, स्वास्थ्य तथा उपस्वास्थ्य चौकि, बिद्यालयहरु जस्ता जनतासंग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यालयहरु नियमित रुपमा व्यवस्थित रुपले संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ साथै नियमानुसार संचालन भए नभएको अनुगमन गरि सेवा प्रवाह प्रभावकारी बनाउन थप ध्यान दिइनेछ ।

५. गाउँपालिका क्षेत्रभित्रको बिभिन्न बाटोहरुको वर्गीकरण गर्ने, रेखांकन गर्ने, फराकिलो पार्ने कार्य गरी बाटोहरुको स्तारउन्नोति तथा निर्माण गर्दै गाँउपालिका क्षेत्रभित्रको यातायात सुगम र सहज बनाइनेछ, साथै गाउँपालिका भित्र रिङरोडको लागि आवश्यक अध्ययन अघि बढाइनेछ ।

६. गाउँपालिकाको अधिकांश स्थानीयवासिको पेशा कृषि भएकोले कृषि क्षेत्र विकासको लागि शर्सत कार्यक्रमहरु बाहेक थप सिचाईमा प्राथमिकता दिइनेछ ।

७. शिक्षा, स्वास्थ्य क्षेत्रमा सशर्त अनुदानमा प्राप्त भएको बजेट सोही कार्यक्रम अनुसार तथा वित्तिय समानिकरणबाट पनि आवश्यक बजेट विनियोजन गरि शिक्षा र स्वास्थ्य क्षेत्रलाई व्यवस्थित गरिने छ ।

८. वडा कार्यालयहरु प्रदान गरिने सेवा, व्यक्तिगत घटना दर्ता online र सामाजिक सुरक्षा भत्ता banking system मार्फत सेवा प्रवाह गरी सेवालाई थप सरल सहज र प्रभावकारी बनाइ विद्युतिय माध्यमको प्रयोग गरी सेवा प्रवाहमा विद्युतीय सुशासनमा जोड दिइनेछ

९. आम जनता तथा बुद्धिजिविको सुझावहरुलाई समेत समेटदै विज्ञहरुको सहयोगमा गाउँपालिकाको अल्पकालीन तथा दीर्घकालीन विकास सम्बन्धी विस्तृत गुरुयोजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

१०. स्थानीय अदालत र मेलमिलाप सम्बन्धी कार्यहरुको व्यवस्थापन र सञ्चालनका लागि स्थानीय न्यायिक समिति गठन गरी न्यायलाई प्रभावकारी र सर्वसुलभ बनाइनेछ,

११. गाउँपालिका भित्र रहेका सरकारी ऐलानी जग्गाहरु खोजी संरक्षण गरिनेछ र ती जग्गाहरु वृक्षारोपण गरि सुन्दर हरियाली र धनपालधान बनाइनेछ,

१२. सार्वजनिक नीति साझेदारी नीति अनुसार बिभिन्न संघसस्थासँग समन्वय तथा सहकार्य गरी बिभिन्न क्षेत्रमा लगानी गरी समृद्ध गाउँपालिका निर्माण नीति लिइनेछ ।

१३. विपत्त व्यवस्थापनको लागि विपत्त कोषको व्यवस्थापन कोषका साथै हालै भएको विपत्त बाढीमा परेकाहरुलाई राहतको व्यवस्था गरिएको छ ।

१४. आगामि दिन बाढी बाट क्षति भई पिडित भएकाहरुलाई विशेष सुविधाको व्यवस्था गरिनेछ .

धनपालथान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सोराभाग

मोरङ, १ नं. प्रदेश

प्रस्ताव ५

**विषय :- धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४ पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति :- २०७४।०४।२७

१. विषयको संक्षिप्त व्यहोरा :- नेपालको संविधान धारा २२७ अनुसार प्रदेश कानून बमोजिम स्थानीय तहको बैठक संचालन कार्यविधि स्वीकृत भई लागू नभएसम्मको लागि धनपालथान गाउँसभाको कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, आवश्यक समितिहरुको गठन गर्न र अन्य काम कारवाही नियमित एव प्रभावकारी बनाउन **धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४** यस गाउँकार्यपालिकाको बैठकमा प्रस्तुत गर्न गईरहेको छु ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- **धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४** मन्त्रालयले जारी गरेको नमुना कानुनलाई अध्यक्षज्युको स्वीकृतिमा यस गाउँकार्यपालिका बैठकमा पेश गर्न गईरहेको छु ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय:- नेपालको संविधान धारा २२७ अनुसार प्रदेश कानून बमोजिम स्थानीय तहको बैठक संचालन कार्यविधि स्वीकृत भई लागू नभएसम्मको लागि धनपालथान गाउँसभाको कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, आवश्यक समितिहरुको गठन गर्न र अन्य काम कारवाही नियमित एव प्रभावकारी बनाइ व्यवस्थित गर्न वान्छनीय भएकोले ।

४. निर्णय हुनु पर्ने व्यहोरा :- **धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४** छलफल गरी पारित गर्नु हुन ।

# आर्थिक वर्ष २०७४/०७५ को
# बजेट वक्तव्य

कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।०५।

## धनपालथान गाउँपालिका

सोराभाग, मोरंग

प्रदेश नं. १

२०७४

**धनपालथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, सोराभाग**
**मोरङ्ग, १ नं. प्रदेश**

प्रस्ताव ९

**विषय :- कार्यकारी अधिकृत श्री गोपाल श्रेष्ठको सेवा सुविधाको सम्बन्धमा**

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति :- २०७५।०४।०५

१. विषयको संक्षिप्त व्यहोरा :- धनपालथान गाउँकार्यपालिकाको कार्यकारी अधिकृत कार्यलय समय बाहेक बिहान बेलुका कार्यलयको कार्य गर्नु भएकोले कार्यकारी अधिकृत श्री गोपाल श्रेष्ठलाई खाइपाई आएको मासिक तलब सुबिधाको शतप्रतिशत हुने मासिक स्थानीय प्रोत्साहन भत्ता उपलब्ध गराउने प्रस्ताव गाँउकार्यपालिकाको बैठकमा प्रस्तुत गर्न गईरहेको छु ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय:- धनपालथान गाउँकार्यपालिकाको कार्यकारी अधिकृत कार्यलय समय बाहेक बिहान बेलुका कार्यलयको कार्य गर्नु पर्ने भएकोले प्रोत्साहन गर्न स्थानीय प्रोत्साहन भत्ता दिन मनासिब देखिएकोले

४. निर्णय हुनु पर्ने व्यहोरा :- **कार्यकारी अधिकृत श्री गोपाल श्रेष्ठलाई खाईपाई आएको तलब सुविधाको शतप्रतिशत (१०० %) मासकि स्थानीय प्रोत्साहन भत्ता प्रदान गर्न छलफल गरी पारित गर्न हुन ।**

बजेट वक्तव्य,

आदरणीय गाउँपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु,

उपरोक्त नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न अगामी आर्थिक वर्ष २०७४ ७५ मा आय तर्फ कर तथा राजस्व बाट रु १ करोड २५ लाख, राजस्व बाडफाड बाट रु ३० लाख, अन्य आय बाट २५ लाख गरी जम्मा रु १ करोड ८० लाख रुपैया अनुमान गरेको छ ।

यसैगरी थाप्य अन्तर सरकारी वित्तीय हस्तानतरण बाट वित्तीय समानिकरण अनुदान रु २० करोड ८७ लाख ४१ हजार रुपैया, शसर्त अनुदान बाट रु ८ करोड ९३ लाख ०३ हजार र पुर्वाधार विकास कार्यक्रम अन्तर्गतको रु४८ लाख गरी कुल रु३० करोड २८ लाख ८३ हजार तथा श्रमदान रु २५ लाख रुपैया गरी जम्मा ३२ करोड ४१ लाख १४ हजार चार सय त्रिहत्तर रुपैया आय प्रस्ताव गरिएको व्यहोरा यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

त्यसैगरी व्यय तर्फ चालु खर्चमा रु १२ करोड ८५ लाख ३० हजार ४ सय ७३ रुपैया र पुजीगत खर्चमा रु १९ करोड ३५ लाख ८४ हजार रुपैया विनियोजन गरिएको छ ।

पुजीगत खर्चको जम्मा रु १९ करोड ५५ लाख ८४ हजार मध्ये आर्थिक विकासमा रु २० लाख , सामाजिक विकासमा रु २ करोड ३६ लाख ४३ हजार , पुर्वाधार विकासमा रु ४ करोड ८५ लाख ४१ हजार रुपैया, वातावरण तथा विपद व्यवस्थापनमा रु १० लाख रुपैया , संस्थागत विकास तथा सेवा प्रवाहमा रु २ करोड ६५ लाख र वित्तीय व्यवस्थापन र सुशासनमा रु ८ लाख, वडा कार्यालयहरुमा रु ५ करोड ६० लाख र विषयगत कार्यलयहरुको लागि रु १ करोड ४० लाख वित्तिय व्यवस्थापनको लागि २ लाख र अन्य कार्यक्रमहरुमा १ करोड ३९ लाख विनियोजन गरिएको छ ।

**चालु आर्थिक वर्षको लागि विभिन्न क्षेत्रमा छुटाइएको बजेट,**

**१. आर्थिक विकास**

- आर्थिक विकासमा अन्तर्गत राजा धनपालथान धार्मिक ठाउँको नामबाट यस गाउँपालिकाको नाम कायम भएको ठाउँको संरक्षण तथा पर्यटन क्षेत्रको रुपमा विकास गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । साथै कृषि क्षेत्रको सिचाईको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**२. सामाजिक विकास**

- शिक्षा क्षेत्र विकासको विकासको लागि सबैका लागि शिक्षा प्रदान गर्ने उद्देश्यले सशर्त अनुदानमा प्राप्त रकम संगै थप वित्तिय समानिकरण अनुदानबाट रकम विनियोजन गरिएको छ।

धनपालथान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सौराभाग

मोरङ्ग, १ नं. प्रदेश

प्रस्ताव ८

**विषय :- धनपालथान गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रम, बजेट व क्तव्य र वार्षिक कार्यक्र**

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति :- २०७४।०४।

१. विषयको संक्षिप्त व्यहोरा :- नेपालको संविधान धारा २३० अनुसार गाउँपालिकाले राजस्व तथा व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभा पेश गरी पारीत गर्ने व्यवस्था भएअनुसार बजेट वक्तव्य (आय व्ययको अनुमान) पेश गर्नु भन्दा पहिला यस आर्थिक वर्ष बजेट कार्यान्वयनको सम्बन्धमा अपनाउने नीति तथा कार्यक्रम पनि सभामा पेश गर्न पर्ने भएकोले सभामा पेश गर्न स्वीकृतिको लागि यस गाउँकार्यपालिकाको बैठकमा **धनपालथान गाउँपालिकाको आर्थिक वर्ष २०७४ ७५ को नीति तथा कार्यक्रम** र बजेट वक्तव्य र वार्षिक कार्यक्रमहरु **तयार गरि सभामा पेश गर्न** स्वीकृतिको लागि पेश गर्दछु ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय:- धनपालथान गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ मा प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरी गाउँपालिकाको समग्र विकास गर्नको लागि वार्षिक कार्यक्रम तथा आयोजनाहरु कार्यान्वय गर्न वाञ्छनीय भएकोले ।

४. निर्णय हुनु पर्ने व्यहोरा :- **धनपालथान गाउँपालिकाको आर्थिक वर्ष २०७४ ७५ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य र वार्षिक कार्यक्रमहरु तयार गरि गाउँ सभामा पेश गर्न स्वीकृत गर्ने ।**

- स्वास्थ्य क्षेत्रको लागि पनि स्वास्थ्य क्षेत्रको लागि कार्यक्रम अनुसार सशर्त अनुदानमा प्राप्त बजेट् सगै थप वित्तिय समानिकरण अनुदानबाट औषधि तथा अन्य स्वास्थ्य सम्बन्धी सामाग्री खरिदको लागि थप रकम विनियोजन गरिएको छ।
- संस्कृति संरक्षण कार्यक्रममा मठ मन्दीर मस्जित निर्माण तथा संरक्षण र धार्मिक तथा सास्कृतिक कार्यक्रमको लागि आवशयक बजेट विनियोजन गरिएको छ।
- खाने पानीको व्यवस्थापनको लागि ट्युवेल तथा बाढी पिडित तथा अन्य बिभिन्न कार्यको लागि जस्तापाता खरिदको लागि बजेट व्यवस्था गरिएको छ।
- सरसफाई कार्यक्रम अन्तर्गत ODF को लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- युवा पुस्तालाई खेलकुद प्रति प्रेरित गर्न खेलकुद तथा खेलकुद विकास कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- लक्षित कार्यक्रम अन्तर्गत गाउँकार्यपालिकाको पहिलो निर्णय अनुसार २.० भन्दा धेरै ग्रेड प्राप्त गर्ने छात्राहरु (कक्षा ११मा अध्ययनरत) को लागि साइकल वितरण कार्यक्रम, महिला तथा बालबालिका क्षमता विकास कार्यक्रम, बालबालिका क्षमता विकास कार्यक्रम , गा.पा.को निर्णय अनुसार अन्य कार्यक्रमहरु लागि बजेटको व्यवस्था गरिएको छ।
- **सबै सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री** प्रविधि राखी निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयनको अनुगमन गरिनेछ।
- हाम्रो कर्सिया सफा कर्सिया नाराका साथ कर्सियाबजारलाई अभियान सञ्चालन गर्ने प्राथमिकता दिनेछ।
- **प्रत्येक नेपाली नागरिकको स्वास्थ्य बीमा** सुनिश्चित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकामा प्रसुती सेवा सहितको कम्तिमा १५ शैयाको अस्पताल निर्माण गर्ने प्रक्रिया अघि बढाइनेछ।

**पूर्वाधार विकासमा**

- यस आ.व. मा सार्वजनिक निर्माण अन्तर्गत सडक निर्माण, बिस्तार, स्तरउन्नतिमा विषेश जोड दिइएको छ।
- यस गा.पा भित्र रहेका बिभिन्न सडक तथा बाटोहरुलाई मुख्य, प्रमुख, सहायक, कच्चि र अन्य गरी बर्गिकरण गरी सडक तथा बाटो लाई चौडाई गर्दै पानीको निकासको लागि ढल तथा नाला बनाउन विशेष ध्यान दिइनेछ।
- सडक तथा बाटो निर्माणमा जन श्रमदान गरी स्थानीय उपभोक्तको सहभागिता हुने गरी सडक तथा बाटो निर्माणमा प्रथमिकता दिइनेछ। जस्को लागि गा.पा. निर्णय अनुसार खर्च हुने गरी बजेटको व्यवस्था गरिएको छ।

धनपालथान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सोराभाग

मोरङ, १ नं. प्रदेश

प्रस्ताव ३

विषय :- धनपालथान गाउँपालिका विनियोजन विधेयक, २०७४

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति :- २०७४।०४।१६

१. विषयको संक्षिप्त व्यहोरा :- नेपालको संविधान धारा २२९ अनुसार कानुन बमोजिम बाहेक संचित कोषबाट खर्च गर्न नपाउने भएकोले गाउँपालिकाको संचित कोष खातामा विभिन्न स्रोतबाट संचित भएको हुन आउने तथा संघ, प्रदेश स्थानीय तह र कुनै सरकारी तथा गैरसरकारी कार्यालयहरुबाट थप प्राप्त बजेट वा अख्तियारी रकम गाउँपालिकाको विकास गर्न गाँउकार्यपालिका, विषयगत शाखा, वडा कार्यालय मार्फत खर्च गर्न सक्ने गरी **धनपालथान विनियोजन विधेयक, २०७४** यस गाँउकार्यपालिकाको बैठकमा प्रस्तुत गर्न गईरहेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- **धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४** मन्त्रालयले जारी गरेको नमुना कानुनलाई अध्यक्षज्युको स्वीकृतिमा यस गाँउकार्यपालिका बैठकमा पेश गर्न गईरहेको छ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय:- धनपालथान गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले।

४. निर्णय हुनु पर्ने व्यहोरा :- **धनपालथान गाउँपालिका विनियोजन विधेयक, २०७४ गाउँ सभामा पेश गर्न स्वीकृत गर्ने।**

४. विपत्त व्यवस्थापन रु ९० लाख

- सडक तथा बाटो निर्माण संगै पानीको निकास तथा बाढी नियन्त्रणकाको लागि तार जाली ह्युमपाइप खरिद गर्ने तथा विभिन्न ठाउंमा कल्भर्ट निर्माणको आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- धनपालथान गा.पा. अन्तर्गत रहेका सरकारी, सार्वजनिक तथा एलानी जग्गाको खोजी गरी संरक्षण गर्ने साथै बाढी पहिरो नियन्त्रण तथा वातावरण संरक्षण गर्न विभिन्न स्थानमा वृक्षारोपण कार्यक्रमहरु गरिनेछ ।
- विपत्त व्यवस्थापनका लागि आगामि दिनमा थप प्रभावकारी बनाउन विपत्त कोषको व्यवस्थापन गरिनेछ ।
- बाढीले प्रभावितहरु लाई केन्द्र सरकारबाट प्राप्त हुने रकम सोही अनुसार राहत वितरण गरिनेछ,
- बाढीले गर्दा भत्केका र बिग्रेका बाटाहरु मर्मत गरिनेछ ।
-

५. संस्थागत विकास तथा सेवा प्रवाहमा रु २ करोड १५ लाख

- गाउँपालिकाको अन्तर्गत रहेका विभिन्न बजारहरुको व्यवस्थापन गर्ने र वडा कार्यलयको भवन निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- सार्वजनिक सेवा लाई थप प्रभावकारी बनाउन गाँउकार्यपालिका, वडा कार्यालय तथा अन्य गापा अन्तर्गतको भवन निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । गाउंकार्यपालिकाको भवनको लागि ४० लाख, वडा कार्यालय ४ र ५ को लागि १५ १५ लाख गापा अन्तर्गतको भवन निर्माणको लागि १० लाख व्यवस्था गरिएको छ ।
- गाउंपालिकाको लागि आवश्यक पर्ने फर्निचर तथा फर्लोरिङ, सवारी साधन र मेशिनरी औजारको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह जस्ता महत्वपुर्ण तथ्याङ्कलाई अनलाइन प्रणालीबाट प्रादेशिक तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने व्यवस्था गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीद्धारा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

६. वित्तीय व्यवस्थापन र सुशासनमा रु ८ लाख

- वित्तीय व्यवस्थापन र सुशासनको लागि सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण तथा सुशासन, आन्तरिक लेखा परिक्षण र आन्तरिक नियन्त्रण तथा अन्तिम लेखा परिक्षण र बेरुज फर्छ्यौट गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ.
- पत्रपत्रिका तथा अन्य संचार माध्यममा विज्ञापन, समाचार तथा वृत्तचित्रको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सोराभाग
मोरङ्, १ नं. प्रदेश

प्रस्ताव

विषय :- धनपालथान गाउँपालिका आर्थिक विधेयक, २०७४ पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मिति :- २०७५।०४।०६

१. विषयको संक्षिप्त व्यहोरा :- नेपालको संविधान धारा २२८ अनुसार कानुन बमोजिम बाहेक क लगाउन नपाउने भएकोले गाउँपालिकाले आफनो क्षेत्रभित्र स्थानीय कर, शुल्क, जरिवाना आदि संकल गर्न सक्ने गर्न स्थानीय कर प्रशासनलाई व्यवस्थित गर्न धनपालथान गाउँपालिका आर्थिक विधेयक, २०७ यस गाउँकार्यपालिकाको बैठकमा प्रस्तुत गर्न गईरहेको छु ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७ मन्त्रालयले जारी गरेको नमुना कानुनलाई अध्यक्षज्यूको स्वीकृतिमा यस गाँउकार्यपालिका बैठकमा पे गर्न गईरहेको छु ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:- धनपालथान गाउँपालिकाको आर्थिक व २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले ।

४. निर्णय हुनु पर्ने व्यहोरा :- धनपालथान गाउँपालिका आर्थिक विधेयक, २०७४ गाउँ सभामा पेश ग स्वीकृत गर्ने ।

- गाउँपालिका क्षेत्रभित्र रहेको कर्मचारी तथा स्थानीयासीहरु बाट नैतिकवान उदाहरणीय व्यक्ति स्वरुप गाउँकार्यपालिका तथा गा.पा. भित्रका उत्कृष्ट कर्मचारी पुरस्कार तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका समाजसेविलाई गाउँपालिका व्यक्ति वर्ष सम्मान गर्ने व्यवस्था गरिने छ ।

७. वडा कार्यालयहरुमा रु ५ करोड ६० लाख

- प्रत्येक वडाको विकास निर्माणको लागि प्रत्येक वडालाई रु८० लाख रुपैया बजेट विनियोजन गरिएको छ ।
- विनियोजन गरिएको बजेट रकम कार्यक्रम वा आयोजनाहरु (वार्षिक स्वीकृत कार्यक्रम) सम्पन्न गर्न केहि बजेट वा रकम वडा समितिको कार्यालय तथा विशयगत शाखालाई अख्तियारी दिन सक्ने छ ।
- वडा कार्यालय र विषयगत शाखाले प्राप्त अख्तियारी प्रचलित ऐन नियम, गाउकार्यपालिकाको निर्णय, कार्यकारी अधिकृतको निर्देशन अनुसार समयमा कार्य समपन्न गर्नु पर्नेछ त्यसरी समपन्न गर्न नसकेमा अख्तियारी फिर्ता लिन सक्नेछ ।
- साथै प्रदान गरिएको अख्तियारीको आर्थिक तथा वित्तिय जिम्मेवारी र जवाफदेहिता अख्तियारी प्राप्त गर्ने कर्मचारी, वडा समितिको कार्यालय र विषयगत शाखाको हुनेछ ।

८. विषयगत कार्यलयहरुको लागि रु २ करोड

- वित्तिय समानिकरणमा प्राप्त बजेट मध्येबाट जिल्ला स्थित विषयगत कार्यालयहरु जस्तै (जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु कार्यालय, महिला तथा बालबालिका कार्यालय, सहरि विकास, सिचाई , जिल्ला वन कार्यालय, खानेपानी तथा सरसफाई र युवा तथा खेलकुद ) बाट संचालित कार्यक्रहरु गाउँपालिकाले संचालन गर्नु पर्ने भएको र विषयगत सबै कार्यालयहरुबाट कार्यक्रम र कार्यक्रममा लाग्ने बजेटको विवरण प्राप्त नभएकोले जम्मा अनुमानित बजेट छुटाइएको छ । छुटाइएको अनुमानित बजेट गाउँकार्यपालिकाको निर्णय अनुसार आयोजनाहरुमा खर्च गरिनेछ । यसरी छुटाइएको बजेट विषयगत कार्यलयको कार्यक्रम भन्दा बढी भएमा गाउँकार्यपालिकाले निर्णय गरी अन्य शीर्षकमा खर्च गर्न सकिन्छ ।

९. वित्तिय व्यवस्थापनको लागि २ लाख

- विभिन्न कम्पनीहरुको शेयरमा लगानी गर्न कम्पनीहरुले आह्वान गर्ने **IPO** र **FPO** लगानी गर्न वित्तिय व्यवस्थापन तर्फ रु २ लाख रुपैया विनियोजन गरिएको छ ।
- शेयरमा लगानी गर्नको लागि आवश्यक पर्ने शेयर खाता र बैंक खाता कर्सियामा रहेको नेपाल बंगलादेश बैंक, शाखा कार्यालयमा खोल्ने व्यवस्था गरिने छ ।

१०. अन्य कार्यक्रमहरुमा १ करोड ३९

**धनपालथान गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, सोराभाग**

**मोरङ, १ नं. प्रदेश**

प्रस्ताव ५

**विषय :- धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४** पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मिति :- २०७४।०४।१६

१. विषयको संक्षिप्त व्यहोरा :- नेपालको संविधान धारा २२७ अनुसार प्रदेश कानून बमोजिम स्थानीय तहको बैठक संचालन कार्यविधि स्वीकृत भई लागू नभएसम्मको लागि धनपालथान गाँउसभाको कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, आवश्यक समितिहरुको गठन गर्न र अन्य काम कारवाही नियमित एवं प्रभावकारी बनाउन **धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४** यस गाँउकार्यपालिकाको बैठकमा प्रस्तुत गर्न  गईरहेको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- **धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४** मन्त्रालयले जारी गरेको नमुना कानुनलाई  अध्यक्षज्यूको स्वीकृतिमा यस गाँउकार्यपालिका बैठकमा पेश गर्न गईरहेको छ ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय:- नेपालको संविधान धारा २२७ अनुसार प्रदेश कानून बमोजिम स्थानीय तहको बैठक संचालन कार्यविधि स्वीकृत भई लागू नभएसम्मको लागि धनपालथान गाँउसभाको कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, आवश्यक समितिहरुको गठन गर्न र अन्य काम कारवाही नियमित एवं प्रभावकारी बनाइ व्यवस्थित गर्न वाञ्छनीय भएकोले ।

४. निर्णय हुनु पर्ने व्यहोरा :- **धनपालथान गाँउ सभा संचालन कार्यविधि, २०७४** छलफल गरी पारित गर्नु हुन ।

- कर्मचारीहरुको तथा पदाधिकारीहरुको दक्षता वृद्धि गर्नको लागि तालिम तथा क्षमता विकास कार्यक्रम
- अध्यक्ष, उपाध्यक्ष र कार्यकारी अधिकृत तथा अन्य पदाधिकारी तथा कर्मचारीलाई अन्य गाउँ नगरपालिहरुले कार्यालय संचालनमा गरेको व्यवस्थाको अवलोकन गर्न भ्रमणको व्यवस्था गरिएको छ ।
- स्थानीय तथ्याङ्क सङ्कलन गरी अभिलेख व्यवस्थापन गर्नको लागि (software खरिद तथा data entry) गर्नको लागि आवश्यक बजेट व्यवस्था गरि स्थानीय अभिलेखको शुरुवात गर्ने व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको लागि मर्मत सम्भार कोष र कर्मचारी कल्याण कोष केहि रकम व्यवस्था गरिएको छ ।
- गाउँकार्यपालिकाले अन्य सरकारी वा गैरसरकारी कार्यालयसँग मिलेर विभिन्न कार्यक्रम तथा योजनाहरु कार्यान्वय गर्न समपुरक कोषको व्यवस्था गरिएको छ ।

११. गाउँकार्यपालिकाबाट कार्यान्यन हुने पुजिगत कार्यक्रम तथा आयोजनाहरुको व्यवस्थापनको लागि तीन प्रतिशत कन्टेनजेन्सी खर्च कट्टा गरिनेछ । चकन्टेनजेन्सी खर्च कार्यक्रम तथा आयोजना व्यवस्थापन र चालु खर्चका विभिन्न शीर्षक खर्च गर्न सकिनेछ । तर कन्टेनजेन्सी खर्चको प्रतिशत संघ वा प्रदेश सरकारले तोकेमा सोही बमोजिम हुनेछ ।

चालु खर्च बाट संचालन हुने विभिन्न कार्यक्रमहरु   अन्य व्यवस्थाहरु

११. पदाधिकारीहरुको सेवा सुविधा

- नेपालको संविधानको धारा २१७ मा पदाधिकारीहरुको सेवा सुविधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था गरिएको छ ।

| क.स. | नाम | पद | पारिश्रमिक रु हजारमा |
|---|---|---|---|
| १ | हरिलाल सिंह | अध्यक्ष | ३० |
| २ | नसिमा बानो | उपाध्यक्ष | २५ |
| ३ | जनकलाल चौधरी | वडा अध्यक्ष | २० |
| ४ | बलिराम भगत | वडा अध्यक्ष | २० |
| ५ | गुलाबचन्द मण्डल | वडा अध्यक्ष | २० |
| ६ | रोशन राजवंशी | वडा अध्यक्ष | २० |
| ७ | गयानन्द सरदार | वडा अध्यक्ष | २० |
| ८ | महमद हुसेन | वडा अध्यक्ष | २० |

| | | | |
|---|---|---|---|
| ९ | हरि प्र. यादव | वडा अध्यक्ष | २० |

- गाउँ सभा, गाउँकार्यपालिका, वडा समिति तथा अन्य विभिन्न समितिहरुको सदस्यलाई बैठक भत्ता रु १००० राखिएको छ ।

१२. कर्मचारीहरुको सेवा सुविधा

- कार्यकारी अधिकृत श्री गोपाल श्रेष्ठलाई कार्यालय समय भन्दा बढी कार्य गर्नु भएकोले कार्यकारी अधिकृतलाई खाइपाइ आएको तलबको खाईपाई आएको तलब शतप्रतिशत गाउँपालिका गठन भए पछि कार्यभार शुरु भए देखिनै प्रोत्साहन स्वरुप स्थानीय प्रोत्साहन भत्ता उपलब्ध गराउने ।
- गाउँकार्यपालिकाको दरबन्दीमा रहेका लेखापाल, प्राविधिक, वडा सचिव तथा साविक गा. वि.स. सचिवहरुलाई खाइपाई आएको तलबको ५० प्रतिशत सम्म हुने गरी स्थानीय प्रोत्साहन भत्ता उपलब्ध गराउन सकोछ । स्थानीय प्रोत्साहन भत्ता तपशिलको बमोजिमको मुल्यांकनको आधारमा गर्ने,

| मुल्यांकनको आधार | मुल्यांकनको भार | मुल्यांकन कर्ता |
|---|---|---|
| कार्यसम्पादन | २५ | गाउँपालिकाको अध्यक्ष |
| | १० | वडा अध्यक्ष |
| | २० | कार्यकारी अधिकृत |
| हाजिर | ५ | कार्यकारी अधिकृत |
| निर्देशनको पालना | १५ | कार्यकारी अधिकृत |
| गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने विवरण तथा पत्राचार | २५ | कार्यकारी अधिकृत |

अन्य कर्मचारीको हकमा सेवा सुविधा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

- माथि उल्लेखित बाहेक अन्य दरबन्दी अनुसारको कर्मचारीहरुलाई (साविक गा.वि.स का करार समेत) कार्यसम्पादनको आधारमास्थानीय प्रोत्साहन स्वरुप मासिक रु २००० उपलब्ध गराउने सक्नेछ ।

१३. अनुगमन तथा मुल्याङ्कन तथा भ्रमण भत्ताको व्यवस्था

- गाउँपालिका अन्तर्गत हुने कार्यान्वय हुने आयोजनाहरुको अनुगमन तथा मुल्यांकन गर्न तथा गा.पा. अन्तर्गत रहेका विभिन्न कार्यालयहरुको अनुगमनका लागि पदाधिकारी तथा कर्मचारीहरुको लागि अनुगमन तथा मुल्याङ्न भत्ताको दर तपशिल अनुसारको व्यवस्था गरिएको छ ।

| पदाधिकारी तथा कर्मचारीहरु | भत्ता दर |
|---|---|
| अध्यक्ष | १५०० |
| कार्यकारी अधिकृत | १३०० |
| अधिकृतस्तरको कर्मचारीहरु | ११०० |
| वडा अध्यक्ष | १००० |
| अन्य कर्मचारीहरु तथा वडा सदस्यहरु | ८०० |

- अध्यक्षको अनुगमन तथा मुल्याङ्न आदेश अध्यक्षले र अन्यको अनुगमन तथा मुल्याङ्न आदेश कार्यकारी अधिकृतले स्वीकृत गर्न सक्ने छ ।
- कार्यकारी अधिकृतले गाउँपालिका अर्न्गत रहेका कार्यालयहरुको अनुगमन गर्दा आवश्यक निर्देशन दिन सक्नेछ, निर्देशनको पालना गर्नु सम्बन्धीत कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।
- पदाधिकारीहरु तथा कर्मचारीहरुको भ्रमण तथा दैनिक भत्ताको दरहरु नियमानुसार हुनेछ । अध्यक्ष, उपाध्यक्ष र कार्यकारी अधिकृतको भ्रमण आदेश अध्यक्षले र अन्यको भ्रमण आदेश कार्यकारी अधिकृतले स्वीकृत गर्न सक्ने छ ।

१४. वडा कार्यालयहरुमा चालु खर्च

- वडा कार्यालयहरुमा कार्यालय संचालन गर्नको लागि कार्यकारी अधिकृतले केही अख्तियारी दिन सक्नेछ ।
- शीर्षक अनुसार प्रदान गरिएको बजेट सोही अनुसार र अन्य प्राप्त बजेट तथा रकम कार्यालयको आवश्यक शीर्षकमा जस्तै धारा, बिजुली, पानी, , टेलिफोन, चिया आदि शीर्षकमा खर्च गर्न सक्नेछ ।

१५. सामाजिक सुरक्षा

- आ.व. २०७४/७५ मा प्राप्तमा हुने सामाजिक सुरक्षाको बजेट सोही अनुसार खर्च गरिनेछ ।

१६. विविध खर्च

- नयाँ गठन भएको यस गाउँपालिकाको चालु खर्चको विभिन्न शीर्षकमा अनुमानित रकम छुटाउने आधारहरु प्राप्त नभएको (जस्तैः पदाधिकारीहरुको सेवा सुविधा, तलब भत्ता ) कारण विविध शीर्षकमा प्रयाप्त मात्रमा आवश्यक रकम छुटाइएको छ । विविध खर्चको रकम गा.पाको निर्णय अनुसार विभिन्न शीर्षकमा आवश्यक मात्रामा खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

१७. करारका कर्मचारीहरुको सम्बन्धमा

- साविक गा.वि.स. हुदा करार भएका तथा विभिन्न विषयगत कै. पालेक
  कर्मचारीहरुलाई गाउँकार्यपालिकाको निर्णय अनुसार करार म्याद थप गरी शर्त
  अनुसार सेवा सुविधा उपलब्ध गराउन सक्ने।
  अनुसार सेवा सुविधा उपलब्ध गराउन सक्ने।
- गाउँकार्यपालिकामा एक जना पालेको रुपमा श्री दुखीलाल पासवान

अन्य व्यवस्थाहरु

१८. अख्तियारीको सम्बन्धमा

- वडा कार्यालयको लागि विनियोजन गरिएको बजेट कार्यकारी अधिकृतले कार्यालय संचालन
  गर्न चालु खर्चबाट केही चालु खर्च वडा कार्यालयहरुलाई र कार्यक्रम वा आयोजनाहरु वार्षिक
  स्वीकृत कार्यक्रम सम्पन्न गर्न केहि बजेट वा रकम वडा समितिको कार्यालय तथा विषयगत
  शाखालाई अख्तियारी दिन सक्ने छ।
- वडा कार्यालय र विषयगत शाखाले प्राप्त अख्तियारी प्रचलित ऐन नियम, गाउँकार्यपालिकाको
  निर्णय, कार्यकारी अधिकृतको निर्देशन अनुसार समयमा कार्य सम्पन्न गर्नु पर्नेछ त्यसरी
  सम्पन्न गर्न नसकेमा अख्तियारी फिर्ता लिन सक्नेछ।
- साथै त्यसरी प्रदान गरिएको अख्तियारीको आर्थिक तथा वित्तिय जिम्मेवारी र जवाफदेहिता
  अख्तियारी प्राप्त गर्ने कर्मचारी, वडा समितिको कार्यालय र विषयगत शाखाको हुनेछ।

१८. **प्राविधिक सेवाको सम्बन्धमा:** विभिन्न आयोजनाहरुको लागत अनुमान, मुल्यांकन तथा
कार्यसम्पादन मुल्यांकन गर्न आवश्यक परेमा बाहिरको प्राविधिक वा संस्थाबाट कार्यकारी अधिकृतले
सेवा करार लिन सक्नेछ।

१९. आ.व. २०७४/७५ को गाउँसभाको लागि लागि रु एक पचास हजार रुपैया विनियोजन गरिएको
छ।

२०. गाउँकार्यपालिका कार्यालयको विभिन्न कार्य, कार्यक्रम, आयोजनाहरुमा विभिन्न व्यक्तिहरुलाई
कार्यकारी अधिकृतले डोर हाजिर अनुसार कार्यमा खटाउन स्वीकृत गर्न सक्नेछ।

२१. वार्षिक स्वीकृत कार्यक्रममा गाउँपालिकाको निर्णय अनुसार भनिएका कार्यक्रम तथा योजनाहरु
बाहेक अन्य कार्यक्रमहरु कार्यकारी अधिकृतले स्वीकृत गरी कार्यान्वयन गराउन सक्नेछ।

२२. गाउँकार्यपालिकाले प्रदेश वा केन्द्र सरकारलाई माग गर्ने आयोजनाहरु:

| क्र.स. | आयोजनाहरु | अनुमानित लागत |
|---|---|---|
| १ | **लोहन्द्रा नदी नियन्त्रण योजना** (अनुमानित लागत रु.) | १० करोड |
| २ | कदमाहा चौक देखि नोचा सम्म नाला तथा सडक पिच गर्ने योजना | १० करोड |
| ३ | दादरवेरिया चौक देखि फटानी चौक सम्म नाला तथा सडक पिच | १० करोड |

आयोजना योजना

(१) भँगा पुल दादवैरिया १० मिटर लामो पक्की पुल निर्माण २,००,०००००/-
(२) भँगा पुल देखी कि.वि.प्रा.वि. सम्म कालोपत्रे २,००,००,०००/-
(३) पिण्डेश्वर मन्दीर देखी फुलनाहा-३ सम्म RCC र सडक निर्माण १००,००,०००
(४) बोहन्दा खोला तटबन्ध रामचौकिदेखी दादवैरिया सम्म २,००,००,०००/-
(५) फुलनाहा-३ देखी सोरा माग-१ जोड गाँधिया लैलाहा RCC पक्की पुल निर्माण ५०,००,०००/-
(६) स्वास्थ्य चौकी दादवैरिया २४ घण्टे प्राथमिक उपचार केन्द्र मा ५ कोठे भवन निर्माण १००,००,०००/-
(७) वडा नं.-४ को क्षेत्र योजनाहरु:-
१. शारदा मा.वि.

| | | |
|---|---|---|
| | गर्ने योजना | |
| ४ | नोचा देखि अमाहि हुदै सोराभागको मायागंज सम्म नाला तथा सडक पिच गर्ने योजना | १० करोड |
| ५ | बेतौना देखि मायागंज सम्म नाला तथा सडक पिच गर्ने योजना | १० करोड |
| ६ | **पुल निर्माण** | |
| ७ | **गाउँपालिका क्षेत्रका निम्न स्थानहरुमा आर.सि.सि.** नोचा देखि अमाहि जाने बाटोमा कल्भर्ट निर्माण | ७० लाख |
| ८ | | |
| ९ | वडा नं. १ देखि लवटोली हुदै साबिक शिशवनी जहदा जोडने बाटोमा आर सि सि कल्भंट, ह्युमपाईप जडान गरी ग्राभेल गर्ने | ५ करोड |
| १० | वडा नं. १ बाट गदिया खोला हुदै वडा नं. २ को पैटा जोडने बाटोमा नाला सहित ग्राभेल, गदिया खोलामा पुल, अन्य ठाउँमा आर सि सि र ह्युमपाईप गरी बाटो निर्माण गर्ने | १० करोड |
| ११ | धनपालथान २ बरियाती टोलबाट धनपालथान ७ कदमाहा टोल जाने गदिया खोलाको पुल निर्माणको लागि | ३ करोड |
| १२ | धनपालथान वडा नं. २ पैटा टोल पश्चिममा अवस्थित पुरानो बाध गदिया खोलामा पूर्व तर्फ पानी सिचाई निर्माण लागि | १ करोड |
| १३ | पैटा टोलको पिपल चोक देखी ठर्थनिया टोलको जय हनुमान मन्दिर सम्म पिच बाटो निर्माण | २ करोड |
| १४ | | |
| १५ | वडा नं. ३ मा अवस्थित सोराभाग टोल पूर्व धाधरी खोलाले खेती क्षति हुने भएकोले फल स्ट्रक्चर निर्माण निर्माण | १ करोड |
| | | |
| | वडा नं. ५ | |
| | रंगेली रोड देखि उत्तर वडा नं. ६ हुदै फुटानी चोक वडा नं. ५ जोडने मूलसडक नाला सहित कालो पत्र गर्ने योजना | १० करोड |
| | लोहन्द्रा खोला बालुघाट देखि पूर्व किसान स्कुल हुदै पूर्व जाने कसिया नहरको बाटो जोडने सडकको स्तरउन्नती गरी कालो पत्रे गर्ने | १० करोड |
| | किसान स्कुलदेखि उत्तर सोतीलाल सरदारको घर निर आर सि सि कल्भर्ट निर्माण | ५० लाख |
| | किसान स्कुल देखि पश्चिम आर सि सि कल्भर्ट निर्माण | ५० लाख |
| | बालुघाट लोहन्द्राखोला पक्कीपुल | १० करोड |
| | खवासटोल लोहन्द्राखोला पक्कीपुल | १० करोड |
| | | |
| | | |